## विशिष्टीकरण तालिका, २०८०

## सैद्धान्तिक मूल्याङ्कन (७५ प्रतिशत)

**विषय : अर्थशास्त्र (कक्षा १०)** **समयः ३ घण्टा**

| एकाइ | क्षेत्र/एकाइ | कार्यघण्टा | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १. | लागत तथा आय वक्ररेखाहरु | ८ | | | | १ | | | १ | १ | | | | | २ | ५ | | ७ |
| २. | उत्पादनको मूल्य निर्धारण | ५ | १ | | | | | | | | | | १ | | १ | ५ | | ६ |
| ३. | उत्पादनका साधनको मूल्य निर्धारण सिद्धान्त | ११ | | | | १ | १ | | | | | | | | १ | ५ | | ६ |
| ४. | मुद्रा, बैङ्किङ तथा गैरबैङ्किङ वित्तीय संस्था | १२ | १ | | | १ | | | | | १ | | | | २ | | ८ | १० |
| ५. | सार्वजनिक वित्त | १० | १ | | | | | | | | | | | १ | १ | | ८ | ९ |
| ६. | विकास अर्थशास्त्र | १० | १ | १ | | | | | | | | | | | १ | ५ | | ६ |
| ७. | अन्तर्राष्ट्रिय व्यापार | ९ | १ | | | १ | | | | १ | | | | | २ | ५ | | ७ |
| ८. | नेपालमा आर्थिक योजना | ७ | | | | | १ | | | | | | | | | ५ | | ५ |
| ९. | अर्थशास्त्रमा तथ्याङ्कशास्त्र | १४ | १ | | | | १ | | | १ | | | | | १ | १० | | ११ |
| १०. | तथ्याङ्कीय औजार | १० | | | | | | | | | | | | १ | | | ८ | ८ |
| | जम्मा | ९६ | ६ | १ | | ४ | ३ | | १ | ३ | १ | | १ | २ | ११ | ४० | २४ | ७५ |

Curriculum Development Centre

**प्रश्नका प्रकारहरू**

| प्रश्नका प्रकारहरू | सोधिने प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|
| **अति छोटो उत्तर आउने प्रश्न** | ११ | ११ |
| **छोटो उत्तर आउने प्रश्न** | ८ | ४० |
| **लामो उत्तर आउने प्रश्न** | ३ | २४ |
| **जम्मा** | **२२** | **७५** |

**द्रष्टव्य :**

- अति छोटो उत्तर आउने प्रश्नहरू १ अङ्कका हुने छन् र यस्ता प्रश्न ११ ओटा हुने छन् ।
- छोटो उत्तर आउने प्रश्नहरू ५ अङ्कका हुने छन् र यस्ता प्रश्न ८ ओटा हुने छन्, साथै एकाइ ३ र ६ बाट थप एक एकओटा वैकल्पिक प्रश्नहरू सोधिने छ ।
- लामो उत्तर आउने प्रश्नहरू ८ अङ्कका हुने छन् र यस्ता प्रश्न ३ ओटा रहने छन् साथै एकाइ १० बाट थप एउटा वैकल्पिक प्रश्न सोधिने छ ।
- सकेसम्म हरेक एकाइबाट धेरै विषयवस्तुहरू समेट्ने गरि प्रश्नपत्र निर्माण गर्नुपर्ने छ ।
- ज्ञान तहमा पूर्णाङ्कका २० प्रतिशतमा नबढ्ने गरी, उच्च दक्षता तहमा २० प्रतिशतमा नघट्ने गरी र अन्य तहमा आवश्यकतानुसार प्रश्न रहने छन् ।
- सबै  तहमा विषयको प्रकृति र आवश्यकतानुसार अति छोटा, छोटा र लामा प्रश्न रहने छन् । सबै तहमा सबै खालका प्रश्न रहनुपर्ने अनिवार्यता हुँदैन । उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र  सिर्जनात्मक तहका प्रश्न रहने छन् ।

**आन्तरिक मूल्याङ्कन (२५ प्रतिशत) का आधार**

| क्र.स. | मूल्याङ्कनका आधार | अङ्कभार |
|---|---|---|
| १. | सहभागिता (उपस्थिति र सिकाइ क्रियाकलापमा सहभागिता तथा सक्रियता) [Participation] | ३ |
| २. | त्रैमासिक परीक्षा (Trimester) | ६ |
| ३ | प्रयोगात्मक तथा परियोजना कार्य (Practical and Project Work) | १२ |
| ४. | परियोजना कार्यको मौखिक अन्तर्वाता (Viva) | ४ |
| **जम्मा** | | **२५** |

Curriculum Development Centre

**नमुना प्रश्नपत्र, २०८०**

**विषय: अर्थशास्त्र**

**कक्षा : १०**

**पूर्णाङ्क: ७५** **समय : ३ घण्टा**

**दिइएका निर्देशनका आधारमा मौलिक शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्कलाई जनाउँछ ।**

Curriculum Development Centre

**समूह 'क' (Group 'A')**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **11x1 =11**

**(Write very short answer to the following questions.)**

**1.** अल्पकालीन उत्पादन प्रक्रियामा प्रयोग भएका स्थिर साधनहरूमा गरिएको खर्चको जोडलाई के भनिन्छ ? (What is the addition of expenditure incurred on fixed factors used in the short-run production process?)

**2.** कुनै वस्तुको तेस्रो र चौथो एकाइ विक्री गर्दा कुल आय क्रमशः रु. 18 र रु.24 प्राप्त हुन्छ भने चौथो एकाइको बिक्रीबाट प्राप्त सीमान्त आय पत्ता लगाउनुहोस् । (If the total revenue is Rs.18 and Rs.24, respectively when selling the 3rd and 4th unit of a commodity, find the marginal revenue from the sale of the 4th unit.)

**3.** एकाधिकारको बजारका दुई विशेषता उल्लेख गर्नुहोस् । (Mention two characteristics of a monopoly market.)

**4.** मूल्यस्तर वृद्धि हुँदा वास्तविक ज्यालामा कस्तो असर पर्छ ? (What is the effect on real wages when price level increases ?)

**5.** वस्तु विनिमय प्रणालीका कुनै दुई कठीनाइ लेख्नुहोस् । (Write any two difficulties of barter system.)

**6.** कस्तो किसिमको मुद्रालाई अपरिवर्तनीय पत्र मुद्रा भनिन्छ ?(What type of money is called inconvertible paper money?)

**7.** प्रत्यक्ष करका कुनै दुई उदाहरण लेख्नुहोस् । (Write any two examples of direct tax.)

**8.** इतिहासको भौतिकवादी व्याख्या आर्थिक विकासको कुन सिद्धान्तसँग सम्बन्धित छ ? (With which theory of economic development the materialist interpretation of history is associated ?)

**9.** अन्तर्राष्ट्रिय व्यापारको तुलनात्मक लागतको सिद्धान्त कसले प्रतिपादन गरेका हुन् ? (Who propounded the Comparative Cost Theory of International Trade?)

**10.** कुनै एउटा देशले विश्वका बाँकी देशहरूसँग कुनै निश्चित समयावधिमा गर्ने दृष्य वस्तुहरूको आयातभन्दा निर्यात बढी भएको अवस्थालाई के भनिन्छ ? (What is the situation in which a country's exports of visible goods exceed its imports with the rest of the world in a certain period?)

**11.** तथ्याङ्क सङ्कलन गर्ने दुई विधिहरू उल्लेख गर्नुहोस् । (Mention two methods of collecting data.)

**समूह 'ख' (Group 'B')**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **8x5 =40**

**(Write short answer to the following questions.)**

**12.** दिइएको तालिकाको खाली ठाउँमा उपयुक्त मानहरू भर्नुहोस् र तिनका आधारमा औसत आय र सीमान्त आय वक्ररेखा एउटै रेखाचित्रमा रचना गर्नुहोस् । (Fill the appropriate value in the blank spaces of the given table then construct AR and MR curves in a single diagram.) **[2+3]**

| *एकाइ(Q)* | *कुल आय (TR)* | *औसत आय (AR)* | *सीमान्त आय (MR)* |
|---|---|---|---|
| *1* | | *6* | |
| *2* | *10* | | |
| *3* | | | *2* |
| *4* | | *3* | |
| *5* | | | *–2* |

**13.** तालिकालाई विचार गर्नुहोस् र तल दिइएका प्रश्नहरू समाधान गर्नुहोस् । (Consider the table and answer the following questions):

| वस्तुको बजार मूल्य (रु/के.जी.) [Market Price of the Commodity (Rs. /Kg.)] | वस्तुको बजार माग परिमाण (के.जी.मा) [Market Demand of the Commodity (in Kg.)] | वस्तुको बजार पूर्ति परिमाण (के.जी.मा) [Market Supply of the Commodity (in Kg.)] |
|---|---|---|
| 1 | 10 | 2 |
| 2 | 8 | 4 |
| 3 | 6 | 6 |
| 4 | 4 | 8 |
| 5 | 2 | 10 |

**a.** दिइएको तालिकाका आधारमा वस्तुको बजार माग र पुर्ति वक्ररेखाहरू एउटै रेखाचित्रमा खिच्नुहोस् । (Draw the market demand and supply curves for the commodity on a single diagram, based on the given table.)

**b.** रेखाचित्रका आधारमा वस्तुको बजार मूल्य र माग परिमाणका साथसाथै बजार मूल्य र पूर्ति परिमाणबिचको सम्बन्ध पहिचान गर्नुहोस् । (Identify the relationships between market price and quantity demanded, as well as market price and quantity supplied, based on the diagram.)

**c.** रेखाचित्रका आधारमा पूर्ण प्रतिस्पर्धाको बजारमा वस्तुको बजार माग र बजार पूर्तिबिचको अन्तरक्रिया विश्लेषण गरी सन्तुलित मूल्य र उत्पादन परिमाण पत्ता लगाउनुहोस् । (Based on the diagram, analyze the interaction between the market demand and market supply of the commodity in a perfectly competitive market, and determine the equilibrium price and quantity.)**[2+1+2]**

**14.** ज्यालाको जीवन निर्वाह सिद्धान्त यसका मुख्य विचारहरूमाथि प्रकाश पार्दै व्याख्या गर्नुहोस् । (Explain the Subsistence Theory of Wages highlighting its main ideas.)

**अथवा (OR),**

नाफाको अनिश्चितता वहन सिद्धान्तका आधारमा नाफा सिर्जनामा अनिश्चितताको भूमिका व्याख्या गर्नुहोस् । (Explain the role of uncertainty in the profit generation based on the Uncertainty-Bearing Theory of Profit.)

**15.** आर्थिक विकासका कुनै पाँचओटा सूचकहरूको सूची बनाई व्याख्या गर्नुहोस् । (List and explain any five indicators of economic development.)

**अथवा (OR),**

नेपालको अर्थव्यवस्थाका कुनै पाँचओटा विशेषताहरूको सूची बनाई व्याख्या गर्नुहोस् । (List and explain any five characteristics of Nepal's economy.)

**16.** विश्व व्यापार सङ्गठन नेपालको आर्थिक विकासका लागि कसरी लाभदायी हुनसक्छ स्पष्ट पार्नुहोस् । (Clarify how the World Trade Organization (WTO) can be beneficial for the economic development of Nepal.)

**17.** आर्थिक योजनाका मुख्य अङ्गहरूको व्याख्या गर्नुहोस् । (Explain the main components of an economic plan.)

**18.** तथ्याङ्क वर्गीकरणका लागि प्रयोग गरिने विभिन्न विधिहरूको चर्चा गर्दै हरेक विधिको व्यावहारिक प्रयोगका अवस्था माथि प्रकाश पार्नुहोस् । (Describe various methods used for classifying data, highlighting the situation of practical applications of each method.)

**19.** दिइएको तथ्याङ्कलाई वृत्तखण्ड चित्रमा देखाउनुहोस् । (Show the given data in a pie-diagram)

| खर्च शीर्षक (Expenditure Heads) | ज्याला (Wages) | सिमेन्ट (Cement) | काठ (Timber ) | फलाम (Iron) | बालुवा (Sand) | विविध (Miscellaneous ) |
|---|---|---|---|---|---|---|
| खर्च (रु.मा) [Expenditure (in Rs )] | 1200 | 1600 | 600 | 800 | 400 | 200 |

Curriculum Development Centre

समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **3x8 =24**

**(Write long answer to the following questions.)**

**20.** वाणिज्य बैङ्कहरूले नेपालको आर्थिक विकासमा कसरी योगदान पुऱ्याउन सक्छन् व्याख्या गर्नुहोस् । (Explain how the commercial banks can contribute to the economic development of Nepal.)

**21.** नेपाल सरकारका आयका स्रोतहरूको लेखाजोखा गर्नुहोस् । (Evaluate the sources of government revenue of Nepal.)

**22.** एउटा विद्यालयमा कक्षा 10 मा अध्ययन गर्ने विद्यार्थीको अर्थशास्त्र विषयको 75 पूर्णाङ्कको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कबाट पहिलो वर्गान्तर 0-10 हुने गरी वारम्वारता वितरण तालिका निर्माण गर्नुहोस् र सामान्य अङ्कगणितीय मध्यक गणना गरी नतिजाको व्याख्या गर्नुहोस् । (Construct a frequency distribution table from the marks obtained by class 10 students in economics subject having full marks of 75 with the first class interval as 0-10 and calculate the simple arithmetic mean and interpret the result.)

**प्राप्ताङ्क (Obtained Marks)**: 5, 10, 15, 25, 55, 5, 15, 10, 25, 50, 10, 5, 15, 55, 5, 10, 35, 25, 45, 45, 10, 25, 5, 35, 30, 5, 55, 5, 25, 55 [3+4+1]

**अथवा** (**OR**),

दिइएको तथ्याङ्कबाट सन् 2020 लाई आधार वर्ष मानेर चालु वर्ष सन् 2023 का लागि लेस्पेयर र पाश्चे विधि प्रयोग गरि मूल्य सूचकाङ्क गणना गर्नुहोस् र नतिजाका आधारमा निष्कर्ष निकाल्नुहोस् । (Construct a Price Index using Laspeyre's and Paasche's method from the given data assuming 2020 as the base year and 2023 as the current year and draw conclusion based on the results.)

| वस्तुका किसिम (Types of goods) | आधार वर्ष (Base Year) सन् 2020 | | चालु वर्ष (Current Year) सन् 2023 | |
|---|---|---|---|---|
| | मूल्य (रु प्रति के. जी.मा) [Price (Rs in Kg)] | परिमाण ( के. जी.मा) [Quantity (in Kg)] | मूल्य (रु प्रति के. जी.मा) [Price (Rs in Kg)] | परिमाण ( के. जी.मा) [Quantity (in Kg)] |
| कागती (Lemon) | 30 | 2 | 40 | 3 |
| अम्बा (Guava) | 40 | 4 | 50 | 5 |
| सुन्तला (Orange) | 50 | 6 | 60 | 7 |
| स्ट्रवेरी(Strawberry) | 60 | 8 | 70 | 9 |

[3+3+2]

***The end***

Curriculum Development Centre